गण्डकी प्रदेश सरकार

# उद्योग तथा पर्यटन मन्त्रालय

पोखरा, कास्की, नेपाल

प.सं.: २०८२/०८३
च.नं. २६६

मिति: २०८२।१०।२६

श्री एकीकृत सेवा कार्यालय,
सबै जिल्ला।

## बिषयः- प्रस्ताव आव्हान सम्बन्धी सूचना।

प्रस्तुत विषयमा यस मन्त्रालयको चालु आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको संघ/संस्थासँगको लागत साझेदारीमा मागमा आधारित सिपमूलक तालिम सञ्चालन गर्ने सम्बन्धमा प्रकाशन भएको सूचनाको छायाँप्रति यसै पत्रसाथ पठाइएको छ। सो सूचना तहाँ जिल्लाका सबै स्थानीय तहहरूमा पठाइदिने साथै तहाँ कार्यालयको वेबसाइट, सूचना पाटी तथा फेसबुक पेजमा पनि राखिदिने व्यवस्थाका लागि निर्देशानुसार अनुरोध छ।

२०८२।१०।२६
.......................................
(अशोक कुमार नेपाली)
वरिष्ठ प्रशासकीय अधिकृत

गण्डकी प्रदेश सरकार

# उद्योग तथा पर्यटन मन्त्रालय

पोखरा, कास्की, नेपाल

गण्डकी प्रदेश सरकार उद्योग तथा पर्यटन मन्त्रालय पोखरा, नेपाल

## मागमा आधारित सिपमूलक तालिम कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२।१०।२६)**

यस मन्त्रालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम **संघ/संस्थासँगको लागत साझेदारीमा मागमा आधारित सिपमूलक तालिम** सञ्चालन गर्नुपर्ने भएकोले देहायका सर्तहरूको अधीनमा रही तालिमको कुल लागतको ४०% साझेदारीमा तालिम सञ्चालन गर्न इच्छुक संघ/संस्थाहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्रमा यस मन्त्रालय वा यस मन्त्रालय मातहतका सम्बन्धित जिल्लास्थित एकीकृत सेवा कार्यालयहरूमा तपसिल बमोजिमका सर्तहरूको अधीनमा रही तोकिएका आवश्यक कागजातहरू संलग्न गरी प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नुहुन सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

### प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी मार्गदर्शन तथा सर्तहरू

**१) कार्यक्रमको नामः "संघसंस्थाको सहकार्यमा मागमा आधारित सिपमूलक तालिम"**

**२) कार्यक्रमको कुल विनियोजित बजेटः** रू. २० लाख।

**३) प्रस्ताव गर्ने तालिमको प्रकृतिः**

- स्थानीय बजारको मागमा आधारित
- रोजगारी वा स्वरोजगारीसँग प्रत्यक्ष सम्बन्धित
- सैद्धान्तिक तथा प्रयोगात्मक दुवै कक्षा समेटिएको

**४) तालिमको अवधिः**

| क्र.सं. | तालिमको प्रकार र अवधि | कार्य दिन | जम्मा घण्टा | दैनिक सिकाई | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १ | ७ देखि १५ दिनसम्मको छोटो अवधिको तालिम | १३ दिन | **६५ घ.** | ५ घण्टा | २० जना |
| २ | १६ देखि ४५ दिनसम्मको मध्यम अवधिको तालिम | ३९ दिन | १९५ घ. | ५ घण्टा | २० जना |
| ३ | ४६ देखि ९० दिनसम्मको लामो अवधिको तालिम | ७८ दिन | ३९० घ. | ५ घण्टा | २० जना |
| ४ | १० कार्यदिनको उद्यमशीलता विकास तालिम | १० दिन | ६० घ. | ६ घण्टा | २० जना |

**५) तालिम कार्यक्रमको लागत अनुमानः**

| क्र.सं. | तालिमको प्रकार | प्रति सहभागी प्रति दिनको लागत रू. | कैफियत |
|---|---|---|---|
| १ | अधिकतम १५ दिनसम्मको छोटो अवधिको तालिम | ३१९.०० | |
| २ | अधिकतम ४५ दिनसम्मको मध्यम अवधिको तालिम | ३१९.०० | |
| ३ | अधिकतम ९० दिनसम्मको लामो अवधिको तालिम | ३२०.०० | |
| ४ | १० कार्यदिनको उद्यमशीलता विकास तालिम | ४६०.०० | |

**६) लगानी तथा लागत साझेदारी व्यवस्थाः**

- स्वीकृत कुल तालिम लागतको बढीमा ६० प्रतिशत उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेशले बेहोर्ने।
- स्वीकृत कुल तालिम लागतको न्यूनतम ४० प्रतिशत सम्बन्धित तालिम प्रदायक संघ/संस्थाले बेहोर्नुपर्ने।

**७) प्रस्ताव पेश गर्ने संघ/संस्थाको आवश्यक योग्यताः**

- प्रचलित कानुन बमोजिम विधान बनाई संस्था दर्ता गर्ने निकायमा दर्ता भई नियमित नवीकरण भएको
- PAN/VAT दर्ता भएको
- आर्थिक वर्ष २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्र प्राप्त गरेको
- सिप विकास तालिम सञ्चालन गरेको अनुभव भएको

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

**८) प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरू:**

- संघ/संस्थाको दर्ता र नवीकरण अद्यावधिक भएका कागजातको प्रमाणित प्रतिलिपि
- आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- प्रशिक्षकको शैक्षिक योग्यताको प्रमाणपत्र, सिप परीक्षण उत्तीर्ण प्रमाणपत्र तथा अनुभव सम्बन्धी अन्य कागजातको प्रमाणित प्रतिलिपि
- संस्थाले तालिम सञ्चालन गरेको प्रमाणको कागजातको प्रमाणित प्रतिलिपि
- तालिम माग गर्नका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा र सम्झौता लगायत अन्य कारोबारको जिम्मेवारी तोकेको व्यक्ति सम्बन्धमा संस्थाका पदाधिकारीको बैठकले गरेको निर्णयको प्रतिलिपि।

**९) प्रस्ताव पेश गर्दा ध्यान दिनुपर्ने कुराहरू:**

- आर्थिक प्रस्ताव तयार गर्दा माथि क्रम संख्या ४ को तालिकामा उल्लिखित तालिम र क्रम संख्या ५ को तालिकामा उल्लिखित **प्रति सहभागी प्रति दिन** लाग्ने खर्चलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्नेछ।
- प्राविधिक प्रस्तावमा कुनै पनि आर्थिक कुरा लेखिएको हुनुहुँदैन।
- प्रस्तावको प्रत्येक पानामा आधिकारिक पदाधिकारीको दस्तखत र संस्थाको छाप हुनुपर्नेछ।
- प्रस्तावलाई खाममा बन्दी गरी पेश गर्नुपर्नेछ र खामको वाहिर संस्थाको नाम, ठेगाना, प्रस्तावित तालिमको नाम, अवधि र सञ्चालन हुने स्थान खुलाउनुपर्नेछ।
- प्रस्ताव मिति २०८२।११।११ सम्ममा कार्यालय समयभित्र यस मन्त्रालय वा जिल्लास्थित एकीकृत सेवा कार्यालयमा पेश गरिसक्नुपर्नेछ।

**१०) प्रस्ताव छनौट विधि**

- प्रस्तावको छनौट गर्दा तोकिए बमोजिमको उत्तीर्णाङ्क प्राप्त गरी बढी अङ्क प्राप्त गर्ने प्रस्तावहरूलाई योग्यताक्रमको आधारमा छनौट गरिन्छ।
- प्रस्ताव मूल्याङ्कन गर्दा संस्थाको निम्न आधारहरूको मूल्याङ्कन गरी अङ्क दिइनेछ:

| क्र.सं. | आधार | अधिकतम अङ्कभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | लागत साझेदारीको अंश | १५ | | |
| २ | तालिमसँग सम्बन्धित प्रशिक्षकको व्यवस्था | १५ | | |
| ३ | संघ/संस्थाको प्रकार | १५ | | |
| ४ | व्यवसायिकता | १० | | |
| ५ | तालिम प्रदायक संस्थाको भौतिक अवस्था | १० | | |
| ६ | तालिम चलाएको अनुभव | १० | | |
| ७ | प्रस्तावको पूर्णता | १० | | |
| ८ | तालिमको लागत अनुमान | १० | | |
| ९ | तालिमको सान्दर्भिकता र प्रभावकारीता | ५ | | |
| | **पूर्णाङ्क :** | १०० | | |
| | **उत्तीर्णाङ्क:** | ४० | | |

**११) तालिम सञ्चालनका लागि सर्तहरू**

- तालिम छनौट गर्दा स्थानीय मागमा आधारित रहेर सिप विकास गर्ने, स्वरोजगार र उद्यमशील हुन मद्दत पुग्ने प्रकृतिको तालिम प्रस्ताव गर्नुपर्नेछ।
- तालिमको लागि सहभागी छनौट गर्ने जिम्मेवारी तालिम सञ्चालन गर्ने संस्थाकै हुनेछ। सहभागी छनोट गर्दा सार्वजनिक रूपमा सूचना तथा जानकारी प्रवाह गरी सबै वर्ग र समूहका बेरोजगार तथा अर्धबेरोजगार नेपाली नागरिकलाई समेट्नुपर्नेछ।
- एउटा विषयको तालिममा २० जना मात्र सहभागी गराउनुपर्नेछ।
- सम्झौता अनुसार तोकिएको विषयको तालिम तोकिएको स्थान र मितिमा सञ्चालन गर्नुपर्नेछ।
- तालिम सञ्चालन हुने स्थानमा सबैले देखिने गरी तालिमको नाम, विषय, अवधि, मिति, सहभागी संख्या, लागत साझेदारीको अवस्था आदि खुलेको ब्यानर राख्नुपर्नेछ
- तालिम निःशुल्क सञ्चालन गर्नुपर्नेछ। सहभागीसँग कुनै पनि शीर्षकमा शुल्क लिन पाइनेछैन।
- सम्बन्धित विषयमा दक्षता र अनुभव प्राप्त प्रशिक्षकको व्यवस्था गर्नुपर्नेछ। विशेष परिस्थितिमा वाहेक तालिमको बिचमा प्रशिक्षक परिवर्तन गर्न पाइनेछैन। प्रशिक्षकको योग्यता देहायबमोजिम हुनुपर्नेछ:

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

| प्रशिक्षकको पद | योग्यता र अनुभव |
|---|---|
| मुख्य प्रशिक्षक | सम्बन्धित विषयमा मान्यता प्राप्त शैक्षिक संस्था/विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरी प्रशिक्षक प्रशिक्षण (ToT) तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र तह उत्तीर्ण भई प्रशिक्षक प्रशिक्षण (ToT) तालिम लिएको र कम्तीमा २ वर्षको कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सिप परिक्षणको तह २ उत्तीर्ण गरी २ वर्षको कार्य अनुभव भएको। |
| प्रशिक्षक | सम्बन्धित विषयमा मान्यता प्राप्त शैक्षिक संस्था/विश्वविद्यालयबाट प्रमाणपत्र तहको उपाधी प्राप्त गरी प्रशिक्षक प्रशिक्षण (ToT) तालिम लिएको वा एस.एल.सी. वा सो सरह उत्तीर्ण भई सिप तह १ उत्तीर्णभई कम्तीमा १ वर्षको कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सिप परिक्षणको तह २ उत्तीर्ण गरी कम्तीमा १ वर्षको कार्य अनुभव भएको |

- नेपाल सरकार, प्रदेश सरकार वा तालिम प्रतिष्ठान/परिषदबाट स्वीकृत पाठ्यक्रम अनुसार तालिम सञ्चालन गर्नुपर्नेछ।
- पाठयोजना बनाई सैद्धान्तिक र व्यवहारिक दुवै कक्षा सञ्चालन गर्नुपर्नेछ। एउटा कक्षाको समयावधि न्यूनतम १ घण्टा ३० मिनेटको हुनुपर्नेछ र दैनिक प्रशिक्षण कार्य कम्तीमा ५ घण्टाको हुनुपर्नेछ।
- सहभागीका लागि पर्याप्त ठाउँ, प्रकाश, बिजुली, पानी, शौचालय जस्ता सुविधा भएको तालिम हलको व्यवस्था गर्नुपर्नेछ।
- तालिमको लागि आवश्यक कच्चा पदार्थ, मसलन्द, खाजा, तालिम उपकरण आदिको उचित व्यवस्था गर्नुपर्नेछ।
- दैनिक हाजिरीको अभिलेख राख्नुपर्नेछ।
- सहभागीको निरन्तर मूल्याङ्कन तथा परीक्षाको व्यवस्था गर्नुपर्नेछ।
- तालिम सम्पन्न भएपछि समयमै कार्यसम्पन्न प्रतिवेदन तयार गरी सम्बन्धित बिल भरपाईहरू सहित भुक्तानीका लागि मन्त्रालयमा पेश गर्नुपर्नेछ।
- तालिमपश्चात सहभागीको रोजगारी/स्वरोजगारी प्राप्तिमा आवश्यक सहयोग र सहजीकरणमा गर्नुपर्नेछ।

**१२) रकम भुक्तानी सम्बन्धी सर्तहरू:**

- भुक्तानी किस्ताबन्दी रूपमा गरिनेछैन र पेश्की उपलब्ध हुनेछैन।
- कार्यक्रम सम्पन्न भएपछि अन्तिम प्रतिवेदन तथा अन्य सम्बन्धित बिलभरपाई र कागजातहरू प्रमाणित गरी मन्त्रालयमा भुक्तानीका लागि निवेदन पेश भएपछि सम्बन्धित तालिम प्रदायक संस्था/निकायको बैंक खातामा साझेदारी बमोजिमको रकम जम्मा हुनेछ। भुक्तानी गर्दा नियमानुसार लाग्ने करहरू कट्टा गरी रकम भुक्तानी हुनेछ।
- तालिम सम्पन्न भएपछि संस्थाको पदाधिकारीहरूको बैठक बसी तालिमको आयव्यय विवरण सबैको सहमतिले स्वीकृत गर्नुपर्नेछ र लागत साझेदारीको रकम भुक्तानीका लागि उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेशमा अनुरोध गर्ने भनी निर्णय गरेको हुनुपर्नेछ।

**१३) भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरू:**

- रकम भुक्तानीका लागि संस्थाको लेटरप्याडमा लेखिएको निवेदन । निवेदनमा संस्थाको पान नं. र बैंक खाताको विवरण पनि खुलाउनुपर्नेछ।
- तोकिए बमोजिमको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन र तालिम सञ्चालन सम्बन्धी फोटोहरू
- सामाग्री खरिदका PAN/VAT बिल
- पारिश्रमिक तथा ज्याला बुझाएको भरपाईहरू
- सहभागी, प्रशिक्षक तथा अन्य कर्मचारीहरूको नामावली विवरण र हाजिरी अभिलेख
- तालिमको आम्दानी खर्चको विवरण स्वीकृत गरेको सम्बन्धमा संस्थाको बैठकको निर्णयको प्रतिलिपि।

# प्राविधिक तथा आर्थिक प्रस्तावको ढाँचा

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

## (क) प्राविधिक प्रस्ताव

### १. प्रस्तावक संस्थाको विवरण

- संस्थाको नाम : ..............................................................................
- संस्थाको ठेगानाः ..........................................................................................
- ईमेल : ........................................................ संस्थाको सम्पर्क नं.: ................................
- सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं. ..........................................................................................
- संस्थाको दर्ता नं. र मितिः ............................................ PAN num.: ................................

### २. संस्थाको पृष्ठभूमि तथा अनुभव

- संस्थाको संक्षिप्त परिचयः

- संस्थाले गरेको विभिन्न विधाका कामहरूको अनुभवः

- सिप विकास तालिम चलाएको अनुभवः

- विगतमा सञ्चालन गरिएका समान प्रकृतिका तालिमहरूको विवरण (तालिका सहित):

| क्र.सं. | तालिमको नाम | अवधि | सहभागी संख्या | कार्यान्वयन वर्ष |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

### ३. प्रस्ताव गरेको तालिम कार्यक्रमको विवरण

- प्रस्तावित तालिमको नामः ..............................................................................
- तालिमको अवधि : ............... दिन/महिना सहभागी संख्याः ........... जना
- तालिम सञ्चालन मितिः ..................................... देखि ..................................... सम्म
- तालिम संचालन हुने स्थानः ..............................................................................

### ४. तालिम सञ्चालन कार्ययोजना

- तालिम सञ्चालन विधि (सैद्धान्तिक/व्यवहारिक):

- दैनिक/साप्ताहिक समयतालिकाः

प्रयोग गरिने पाठ्यक्रम :

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

## ५. प्रशिक्षक तथा जनशक्ति विवरण

प्रमुख प्रशिक्षक, सहायक प्रशिक्षक र अन्य जनशक्तिको नाम, योग्यता र अनुभव:

| क.सं. | पद | नाम | योग्यता | अनुभव (वर्ष) |
|---|---|---|---|---|
| १ | मुख्य प्रशिक्षक | | | |
| २ | सहायक प्रशिक्षक | | | |
| | | | | |

## ६. भौतिक पूर्वाधार तथा तालिम सामग्री

- तालिम हलको विवरण:

- उपलब्ध उपकरण, मेसिन, औजार तथा सामग्रीको सूची:

## ७. सहभागी छनोट प्रक्रिया

- सहभागीहरूको लक्षित समूह को र कस्ता व्यक्ति हुनेछन्:

- छनोट मापदण्ड र प्रक्रिया (कसरी छनौट गर्नुहुन्छ खुलाउने):

## ८. अनुगमन, मूल्याङ्कन तथा परीक्षा योजना

- निरन्तर मूल्याङ्कन विधि:

- अन्तिम परीक्षा/परीक्षण विधि:

## ९. तालिमपछिको योजना

- रोजगारी/स्वरोजगारी प्रवर्द्धनका लागि गर्ने सहजीकरण:

- उद्योग/व्यवसायसँग समन्वय (यदि सम्भव भएमा):

१०. सहलगानी कार्यान्वयन योजनाः

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

११. अपेक्षित उपलब्धी

- तालिम सम्पन्न परिणाम *(कहिलेसम्ममा सम्पन्न हुने, कतिजनाले तालिम प्राप्त गर्ने, महिला पुरूष कति हुने आदि)*

- रोजगारी/स्वरोजगारी अपेक्षा *(तालिम प्राप्त मध्ये कति प्रतिशत रोजगारी/स्वरोजगारी हुने आँकलन)*

१२. संलग्न कागजातहरू

- संस्था दर्ता र नवीकरण अद्यावधिक भएको प्रमाणपत्र
- प्यान/भ्याट दर्ताको प्रमाणपत्र
- गत आ.व.सम्मको करचुक्ताको प्रमाणपत्र
- विगतको अनुभवको प्रमाणहरू
- स्वीकृत पाठ्यक्रम (यदि भएमा)
- तालिम माग गर्नका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा र सम्झौता लगायत अन्य कारोबारको जिम्मेवारी तोकेको सम्बन्धमा संस्थाका पदाधिकारीको बैठकले गरेको निर्णयको प्रतिलिपि।

संस्थाको आधिकारिक व्यक्तिको

हस्ताक्षरः ................................ संस्थाको छाप

नाम,थर : .............................................

पदः ..............................................

मितिः ..............................................

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
पोखरा, नेपाल

## (ख) आर्थिक प्रस्ताव

**१. प्रस्तावक संस्थाको विवरण**

- संस्थाको नाम : ......................................................................................
- संस्थाको ठेगानाः ......................................................................................
- ईमेल : ........................................................ संस्थाको सम्पर्क नं.: ...............................
- सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं. ......................................................................
- संस्थाको दर्ता नं. र मितिः ............................................ PAN num.: ..............................

**२. आर्थिक प्रस्तावको विवरणः**

- प्रस्तावित तालिमको नामः ......................................................................
- तालिमको अवधि : ............... दिन/महिना सहभागी संख्याः ....................... जना
- तालिम सञ्चालन मितिः ..................................... देखि ..................................... सम्म
- तालिम संचालन हुने स्थानः ......................................................................
- **तालिमको बजेट प्रस्तावः (क) अङ्कमा रू.: ......................................................**
  **(ख) अक्षरमाः ......................................................................**

**३. विस्तृत लागत अनुमानको प्रस्तावः**

| सि.नं. | विवरण | कबोल दर रू. |
|---|---|---|
| १ | प्रशिक्षक पारिश्रमिक | |
| २ | खाजा खर्च (सहभागी, प्रशिक्षक, संयोजक समेत) | |
| ३ | सहभागीको मसलन्द खर्च | |
| ४ | प्रशिक्षण कार्यका लागि मसलन्द खर्च | |
| ५ | तालिम सामाग्री (कच्चा पदार्थ, नमूना, सानातिना औजार आदि) | |
| ६ | तालिमका लागि हल र उपकरण भाडामा लिनुपर्ने अवस्थामा भाडा | |
| ७ | तालिम उद्घाटन र समापनमा व्यवस्थापन खर्च | |
| ८ | विविध खर्च (प्रमाणपत्र, पानी, सरसफाई, ब्यानर आदि) | |
| | कुल लागत रू. | |

***नोटः खर्च प्रस्ताव गर्दा "प्रदेश खर्चको मापदण्ड, २०७९" ले तोकेको दर अनुसार गर्नुपर्नेछ।***

**४. कुल लागतमा साझेदारी गर्ने प्रतिशतः ................ प्रतिशत**

**५. स्वघोषणा**

हाम्रो संस्थाद्वारा मन्त्रालयले तोकेको कार्यक्षेत्रगत सर्तहरू तथा भुक्तानी व्यवस्थाका सर्तहरू स्वीकार गरेको प्रमाणस्वरूप यो प्रस्ताव पेश गरिएको हो। यस प्रस्तावमा उल्लिखित विवरणहरू सत्य, पूर्ण र सही रहेको घोषणा गर्दछु। साथै हालसम्म कुनै अदालती कारबाही र कालोसूचीमा नपरेको समेत घोषणा गर्दछु। पछि झुट्टा ठहरेमा कानुन बमोजिम सहुँला, बुझाउँला।

**संस्थाको आधिकारिक व्यक्तिको**

हस्ताक्षरः ...............................  संस्थाको छाप

नाम,थर : ...........................................

पदः ...........................................

मितिः ...........................................